# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (८), साउन १ गते, २०८२ साल संख्याः २

# भाग १

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

### झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

### गण्डकी प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि हुप्सेकोट गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिम ऐन सार्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८२

**गाउँसभाबाट स्वीकृत मितिः- २०८२/०३/३०**

**प्रमाणिकरण मितिः- २०८२/०४/०१**

**प्रकाशित मितिः- २०८२/०४/०१**

# हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी स्थानीय सरकारको व्यवस्था गरे बमोजिम हुप्सेकोट गाउँपालिकाले पनि कला, साहित्य, संस्कृति र सङ्गीतको प्रवर्द्धन र संरक्षणमा आफ्ना गतिविधिहरु संचालन गरिरहेको र यस्ता प्रकारका क्रियाकलापहरु प्राथमिकतापूर्वक दीर्घकालीन सोच अनुरुप संस्थागत रुपमा मर्यादित एवम् व्यवस्थित ढंगले सुसंचालन गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) बमोजिम " हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०८२ " पारित गरी लागु गरिनेछ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र परिभाषा :**

(क) यस ऐनको नाम हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन २०८२ रहेको छ ।

(ख) यो ऐन हुप्सेकोट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२) परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -**

(क) “प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम गठन भएको हुप्सेकोट गाउँ प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

(ख) " प्रज्ञा सभा” भन्नाले दफा ७ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्दछ ।

(ग) " प्रज्ञा परिषद" भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा परिषद्लाई सम्झनु पर्दछ ।

(घ) " गाउँपालिका " भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) " अध्यक्ष ” भन्नाले हुप्सेकोट गाउँपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

(च) " उपाध्यक्ष ” भन्नाले हुप्सेकोट गाउँपालिकाका उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) " कुलपति ” भन्नाले हुप्सेकोट प्रज्ञा प्रतिष्ठानको "कुलपति" लाई सम्झनु पर्दछ ।

(ज) “ प्रमुख प्रशासकीय अधिकृत भन्नाले हुप्सेकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "कार्यपालिका सदस्य" भन्नाले हुप्सेकोट गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

(ञ) "उपकुलपति" भन्नाले हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको ऐन वमोजिम गठित उपकुलपतिलाई सम्झनु पर्दछ।

(ट) "परिषद सदस्य" भन्नाले हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको ऐन बमोजिम गठित मनोनयन गरेको हुप्सेकोट प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्दछ।

(ठ) "प्रज्ञा सभा सदस्य" भन्नाले हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको ऐन बमोजिम गठित हुप्सेकोट प्रज्ञा प्रतिष्ठानका प्रज्ञा सभा सदस्यलाई सम्झनु पर्दछ।

(ड) "गाउँसभा" भन्नाले हुप्सेकोट गाउँपालिकाको गाउँसभालाई जनाउँछ।

(ढ) "सदस्य सचिव" भन्नाले हुप्सेकोट प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ।

(ण) "सचिवालय" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्दछ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद २

## प्रज्ञा प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

**३) प्रज्ञा प्रतिष्ठानको स्थापना :**

(क) संरक्षण, संवर्द्धन र विकासका लागि हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान" नामको एक प्रज्ञा प्रतिष्ठानको स्थापना गरी संचालनमा ल्याइनेछ। यो गैर नाफामूलक सृजनात्मक काम गर्न हुप्सेकोट गाउँपालिका द्वारा गठित स्वायत्त संस्था हुनेछ।

(ख) प्रज्ञा प्रतिष्ठानको कार्यालय हुप्सेकोट गाउँपालिकाको कार्यालयमा रहनेछ र आवश्यकतानुसार सभा, सम्मेलन प्रदर्शनी, अन्तर्क्रिया, गोष्ठी, कार्यशालाहरु संचालन गर्नका लागि स्थायी प्रदर्शनी कक्षा (ग्यालेरी) को व्यवस्था गर्न सकिनेछ। प्रज्ञा प्रतिष्ठान हुप्सेकोट गाउँपालिका भित्र एउटा मात्र हुनेछ।

**४) प्रज्ञा प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुने :**

(क) हुप्सेकोट गाउँपालिका गाउँसभाबाट पारित नीति, कार्यक्रम र बजेटको सीमाभित्र प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यानक्वयन गर्न सक्ने हुप्सेकोट गाउँपालिकाको अभिन्न अङ्ग हुनेछ। यो हुप्सेकोट गाउँपालिकाको नीति नियमको अधिनमा रही अधिनमा रही आफ्ना सृजनात्मक क्रियाकलापहरू संचालन गर्नका लागि स्वतन्त्र र अधिकार सम्पन्न हुनेछ।

(ख) प्रज्ञा प्रतिष्ठानले गाउँपालिकाको नीति नियम परिधि भित्र रही गाउँपालिकाको पुर्व स्वीकृति लिई चल अचल सम्पत्ति, सहयोग र अनुदान प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ

(ग) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

(घ) प्रज्ञा प्रतिष्ठानले आवश्यकतानुसार गाउँपालिकाको सम्बन्धित सम्पर्क शाखामा समन्वय गरि करार गर्न, त्यस बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५) प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरू :**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानका मूख्य काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् ।

(क) प्रज्ञा प्रतिष्ठानको नीति, निर्देशिका, कार्यक्रम तथा कार्य योजना तर्जुमा गर्ने।

(ख) गाउँ क्षेत्र भित्र रहेका साहित्य, कला, सङ्गीत र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) गाउँपालिका क्षेत्रभित्रका स्रष्टाहरूका सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने।

(घ) गाउँपालिका क्षेत्रका साहित्यकार, कलाकार, सङ्गीत कार र संस्कृतविद्हरुका साहित्यिक कृतिहरू संकलन र प्रदर्शनी गरी प्रोत्साहन गर्ने।

(ङ) गाउँ क्षेत्र भित्र रहेका साहित्य, कला, संस्कृति र सङ्गीत सम्बन्धी संस्थाहरू र स्रष्टाहरू (प्राज्ञ सद्स्याहरू) को सूचीकरण गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्रका साहित्य, कला, संस्कृति र सङ्गीत सम्बन्धी संस्थाहरूको अभिभावकीय भूमिका निर्वाह गर्ने र तिनीहरूको गुणात्मकताका लागि आवश्यक सल्लाह र सहयोग गर्ने।

(छ) अन्य प्रदेश र पालिका, संघीय सरकार, नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला प्रज्ञा प्रतिष्ठान लगायत उद्येश्य मिल्दाजुल्दा विषयगत कार्यक्रमहरूमा गाउँपालिका सङ्ङ्ग समन्वय गरि अन्य स्वदेशी तथा विदेशी व्यक्ति एवं संस्थाहरूसँग पनि साझेदारी गर्ने ।

(ज) भाषा साहित्य, कला, संस्कृति, सङ्गीत क्षेत्रमा विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्न सम्भव भएसम्मको लेखन/सृजनवृत्ति प्रदान गर्ने र पैरवी गर्ने।

(झ) विश्वविद्यालयहरू / स्थानीय महाविद्यालयहरू र विद्यालयहरू सित सहकार्य गरी विद्यार्थीहरूलाई कला, साहित्य, सङ्गीत र संस्कृतिसँग सम्बन्धित विषयमा अतिरिक्त पढाई तथा शोध कार्यका लागि प्रोत्साहन र आवश्यक सहयोग गर्ने।

(ञ) कला, साहित्य, सङ्गीत र संस्कृतिसँग सम्बन्धित देश भित्रका विविध भाषा र शैलीका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन र यथाशक्य बन्दोवस्त मिलाउने।

(ट) उपलब्ध श्रोत र साधनको अधिनमा रही कला, साहित्य, सङ्गीत र संस्कृति सम्बन्धी स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलन, अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरू सञ्चालन गर्ने तथा सहभागिता जनाउने।

(ठ) गाउँ क्षेत्रका विभिन्न जात, जाति, धर्म, सम्प्रदायहरूका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय निर्माण गर्न पहल, समन्वय तथा सहजीकरण गर्ने।

(ड) लामो समय देखि साहित्य, कला, सङ्गीत र सांस्कृतिक साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूको विवरण तयार गर्ने तथा उनीहरूलाई सम्मान तथा पुरस्कृत गर्ने।

(ढ) हुप्सेकोट गाउँ क्षेत्र भित्रको भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्याउने एक जना व्यक्ति/संस्था पहिचान गरी वार्षिक रूपमा हुप्सेकोट प्रज्ञा पुरस्कार द्वारा सम्मान गर्ने।

(ण) लोपोन्मुख भाषा, कला, सङ्गीत र संस्कृतिको संरक्षण र प्रबर्धन गर्ने।

(त) मापदण्ड निर्धारण गरी कला, साहित्य, सङ्गीत र संस्कृतिसंग सम्बन्धित विशिष्ट विद्वान तथा वाङ्गय साधकलाई सदस्यता थप गर्ने।

(थ) गाउँपालिका भित्र कसैले पनि आफ्ना माता-पिता, गुरुवर, मान्यजन, नाता सम्बन्ध, ऐतिहासिक स्थान विशेष, आदिको नाममा कुनै कार्यक्रम आयोजना गर्न चाहेमा वा पुरस्कार, सम्मान अर्पण गर्न, अक्षय कोष स्थापना गर्न चाहेमा प्रज्ञा प्रतिष्ठानको निर्णयअनुसार कार्यान्वयन गर्ने।

(द) गाउँपालिकाले पारित गरेका भाषा साहित्य, कला, सङ्गीत र संस्कृति विकास सम्बन्धी कार्यहरू सम्पन्न गर्ने।

**६) कार्यक्षेत्र**

हुप्सेकोट गाउँ प्रज्ञा प्रतिष्ठानको कार्यक्षेत्र सामान्यतया हुप्सेकोट गाउँपालिका भरि नै रहनेछ। तर कुनै कुनै कार्यक्रमहरू गाउँपालिका क्षेत्र बाहिर पनि संचालन गर्न परेमा ति कार्यक्रमहरू जहाँ संचालन गरिने हो, त्यहाँको सम्बन्धित स्थानीय निकाय संग समन्वय गरेर गर्न सकिनेछ।

**७) आधिकारिक भाषा र संचार**

प्रज्ञा प्रतिष्ठानले प्रयोग गर्ने आधिकारिक भाषा नेपाली भाषा नै हुनेछ। तर परिस्थिति बमोजिम अन्य स्थानीय र अन्तर्राष्ट्रिय भाषाहरू पनि प्रयोग गरि संचार प्रणालीलाई प्रभावकारी गराउन सकिने महसुस गरिएमा निश्चित कामको लागि त्यसो गर्न पनि सकिनेछ।

## परिच्छेद ३

## प्रज्ञा प्रतिष्ठानको संरचना

**८) प्रज्ञा प्रतिष्ठानको संरचनाः**

हुप्सेकोट प्रज्ञा प्रतिष्ठानको संस्थागत र संगठनिक संरचना देहाय बमोजिम हुनेछ।

क) प्राज्ञ सदस्यहरू

ख) प्रज्ञा सभा

ग) प्रज्ञा परिषद्

घ) विषयगत विभागहरू-

- कला विभाग,
- साहित्य विभाग,
- सङ्गीत विभाग र
- संस्कृति विभाग

**९) प्राज्ञ सदस्यहरू**

हुप्सेकोट गाउँपालिका क्षेत्र भित्र रहेका कुनै पनि विधाका कुनै पनि स्रष्टाहरूले आफ्नो निरन्तर सृजनाशीलताको दावी पेश गरि प्राज्ञ सदस्यहरूको रूपमा सूचिकृत हुने इच्छा जाहेर गरेमा र सो दावी उपयुक्त ठहरेमा स्रष्टाहरूको रूपमा सूचिकृत गरिनेछ।

**१०) प्रज्ञा सभा :**

प्राज्ञको रूपमा सूचिकृत सर्जकहरू र हुप्सेकोट गाउँपालिकाले संस्थागत प्रतिनिधिको रूपमा खटाएका विज्ञहरू मध्येबाट तपसिल अनुसारको प्रज्ञा सभा गठन गरिनेछ।

१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्रज्ञा सभा रहनेछ।

२) प्रज्ञा सभाको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) कुलपति (पालिका अध्यक्ष) | अध्यक्ष |
| ख) उपकुलपति- | सदस्य |
| ग) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) गाउँ शिक्षा अधिकारी | सदस्य |
| च) गाउँ कार्यपालिका सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला सहित गाउँ कार्यपालिकाले तोकेका दुई जना | सदस्य |
| छ) गाउँपालिका क्षेत्रभित्र रहेका भाषा-साहित्य, कला, सङ्गीत र संस्कृतिसंग सम्बन्धित विषयका विज्ञ एवं लामो समय देखि ति विषयहरूमा अभ्यासरत र प्रसिद्धि हासिल गरेका प्राज्ञ सदस्यहरूको रूपमा सूचिकृत सर्जकहरू मध्येबाट मनोनित सदस्यहरू (७) जना | सदस्य |
| ज) कुलपतिले तोकेको एकजना | सदस्य-सचिव |

हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको प्रज्ञा परिषदका सबै पदाधिकारीहरूको प्रज्ञा सभामा सहभागीता हुनेछ।

(३) उपदफा "ख" र "च" बमोजिम मनोनित उपकूलपति र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

(४) कुनै कारणले प्रज्ञा सभाका मनोनित सदस्यको पद पदावधि सकिनु अगावै रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा र क्षेत्रबाट कुलपतिले उपकुलपति संगको परामर्शमा अर्को व्यक्तिलाई मनोनयन गर्नेछ।

**११) प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार :**

१) प्रज्ञासभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने।

(ख) गाउँसभाले तोकेको बजेट सिमा भित्र रही प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने।

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) विद्वदवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(ङ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने।

(च) परिषद्का कामको अनुगमन तथा मूल्यांकन गर्ने।

(छ) प्रज्ञा प्रतिष्ठानको नियमावली निर्माण वा परिमार्जन गर्न परे स्वीकृतिका लागि गाउँपालिकामा सिफारिस गर्ने।

(ज) तोकिए बमोजिमका काम गर्ने।

२) प्रज्ञा सभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ। बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

३) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्हरू उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

४) सभाको बैठकको अध्यक्षता कुलापतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछन् ।

५) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

६) सभाको बैठकको निर्णय सभाको कुलपति र सदस्य सचिवले प्रमाणित गरी राख्नेछन् ।

७) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८) प्रज्ञा सभाको बैठक बस्न जरुरी भएको तर कुलपतिको कार्यव्यस्तताका कारण बैठकमा उपस्थित हुन नसकेको अवस्थामा उपकुलपतिले कुलपति संगको परामर्शमा प्राज्ञ सभा र प्रज्ञा परिषद्को बैठक बोलाउन सक्नेछ ।

**१२) प्रज्ञा परिषद् :**

१) गाउँसभा र प्रज्ञासभाबाट स्वीकृत हुप्सेकोट गाउँ प्रज्ञा प्रतिष्ठानका कार्यक्रमहरू तथा प्रशासनिक गतिविधिहरू नियमित र व्यवस्थित तवरले कार्यान्वयनका लागि देहाय बमोजिको एक प्रज्ञा परिषद् रहनेछ ।

| | |
|---|---|
| क) कुलपति | अध्यक्ष |
| ख) उप-कुलपति | सदस्य |
| ग) विभागीय प्रमुखहरू ४ जना (दफा ८ घ बमोजिमका) | सदस्य |
| घ) प्रज्ञा सभाबाट मनोनित १ जना महिला सहित २ जना | सदस्य |

ङ) प्रज्ञासभाको सदस्य सचिवले प्रज्ञा परिषदको सदस्य सचिव भई कार्य गर्नेछ।

२) उपदफा १ को (घ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ कुनै कारणले सदस्यको वा पदाधिकारीको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि कुलपतिले उपकुलपति संगको परामर्शमा अर्को व्यक्तिलाई मनोनयन गर्नेछ

३) उपकुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछन्।

४) प्राज्ञ सभाका सदस्यहरू मध्येबाट विषयगत विशेषज्ञताका आधारमा कुलपतिले साहित्य, कला, संस्कृति र सङ्गीत को क्षेत्रगत विकास र कार्यान्विनका लागि साहित्य, कला, सङ्गीत र संस्कृति विभागहरूको गठन गर्नेछ।

५) परिषद र विभागहरूको बैठक कम्तिमा ६ महिनामा १ पटक बस्नेछ।

**१३) प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार :**

परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) प्रज्ञा सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।

(ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने।

(ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने।

(घ) विद्वत वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्रज्ञा सभामा पेश गर्ने।

(ङ) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार कार्य सम्पादन समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

(च) तोकिए बमोजिमका कामहरू गर्ने।

**१४) सिफारिस समिति :**

१. प्रज्ञा प्रतिष्ठानको उपकुलपति, प्रज्ञा सभा सदस्यहरू र विभागीय प्रमुखहरू मनोनयनका लागि गाउँपालिका समक्ष सिफारिस गर्न कुलपति, गाउँ उपप्रमुख र कुलपतिले तोकेका ३ जना कार्यपालिकाका सदस्यहरू सम्मिलित "सिफारिस समिति" गठन हुनेछ ।

२. सिफारिस समितिले विभागीय प्रमुखहरू र प्राज्ञ सभा सदस्यहरू सिफारिस गर्दा सम्भव भए सम्म महिला र समावेशीताको ख्याल गरी सिफारिस गर्नेछ।

३. सिफारिस समितिबाट सिफारिस भई आए अनुसार गाउँ कार्यपालिकाले उपकुलपति, कम्तिमा एक जना महिला सहित चारजना विभागीय प्रमुखहरू र प्राज्ञ सभा सदस्य १० जना मनोनयन गर्नेछ ।

## परिच्छेद ४

## प्रज्ञा प्रतिष्ठानको कुलपति, उपकुलपति, प्रज्ञा सभा सदस्य, परिषद सदस्य तथा सचिवालय

**१५) कुलपतिको काम कर्तव्य र अधिकार**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रज्ञा सभा र प्रज्ञा परिषदको बैठकको अध्यक्षता गर्ने,

(ख) प्रज्ञा सभाले दिएको निर्देशन र प्रज्ञा परिषदले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) प्रज्ञा सभाको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(घ) स्थानीय सरकारसँग समन्वय गर्ने,

(ङ) सङ्घीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने,

**१६) उपकुलपतिको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने ।

(ख) वार्षिक कार्यक्रम, बजेट र प्रगति प्रतिवेदन तयार गर्ने, गाउँपालिका र प्रज्ञा सभामा पेश गर्ने एवं सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणहरू सम्भव भए सम्म सम्बोधन गर्ने ।

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरूसंग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सहयोग प्राप्त गर्ने र सम्पर्क समन्वय गर्ने ।

(घ) परिषदको निर्णय अनुसार प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) तोकिए बमोजिमका काम गर्ने।

**१७) प्रज्ञा सभा सदस्य :**

१) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि प्रज्ञा सभा सदस्यहरू कार्यरत रहनेछन्।

२) प्रज्ञा प्रतिष्ठानका कामहरूलाई सहज, व्यवहारिक र व्यापक बनाउनु प्रज्ञा सभा सदस्यको कर्तव्य हुनेछ ।

३) तोकिए बमोजिमका अन्य काम गर्ने।

**१८) प्रज्ञा परिषद सदस्य :**

१) प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित, छिटो छरितो, व्यवहारिक र नीतिसम्मत ढंगले सञ्चालन गर्न दफा १२(१) बमोजिम प्रज्ञा परिषद सदस्य रहनेछन्। उनिहरूले गाउँपालिकाको नीति नियम र परिधिको अधिनमा रही आ-आफ्ना क्षेत्राधिकार अनुसारका कामहरू सुचारु रूपले सम्पन्न गर्नेछन ।

**१९) सदस्य सचिव :**

१) प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित, व्यवहारिक, नीतिसम्मत र नियमित ढंगले सञ्चालन गर्न दफा १० को उपदफा २ (छ) बमोजिमको एकजना सदस्य सचिव रहनेछन्।

२) प्रतिष्ठानको काममा भ्रमण गर्नु परेमा स्वीकृत भ्रमण आदेश बमोजिम परिषदको निर्णय अनुसारको सुविधा प्राप्त गर्नेछन्।

३) सदस्य सचिव, प्रज्ञा प्रतिष्ठानको नियमित क्रियाकलापहरूको व्यवस्थापन, प्रशासनिक, अभिलेखीय, सम्पर्क-समन्वय तथा अनुगमन सम्बन्धी कामहरूका लागि जबाफदेही हुनेछन ।

४) प्रतिष्ठानका नियमित कामहरू सम्पादन गर्न सदस्य सचिवलाई आवश्यक सहयोग गर्न गाउँ कार्यपालिकाको कार्यालयले एक जना कर्मचारीलाई तोक्न सक्नेछ।

५) सदस्य सचिवका अन्य कामहरू तोकिए बमोजिम हुनेछन्।

**२०) पद रिक्त हुने :**

१) देहायका अवस्थामा प्रतिष्ठान, प्रज्ञा परिषद एवं प्रज्ञा सभाका हरेक पदाधिकारी तथा सदस्यहरूको पद रिक्त रहेको मानिनेछ।

(क) निजको पदावधि समाप्त भएमा।

(ख) निजले राजिनामा दिएमा।

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) निज दफा २१(३) बमोजिम हटाइएमा।

(च) निजको मृत्यु भएमा।

**२१) पदबाट हटाउन सक्ने :**

१) प्रतिष्ठानका उपकुलपति, सदस्य सचिव, विभागीय प्रमुखहरू, प्रज्ञा सभा तथा प्रज्ञा परिषद्का सदस्यहरूले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको, आफ्नो पद अनुकूलको आचरण नगरेको, इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले एक छानविन समिति गठन गर्नेछ।

२) उपदफा १ बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ।

३) उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा कुलपतिले हटाउन सक्नेछन्।

४) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरूलाई पदबाट हटाउनु अघि सफाईको मौका दिनुपर्नेछ।

**२२) सचिवालय :**

१) प्रज्ञा प्रतिष्ठानको सचिवालय हुप्सेकोट गाउँपालिको कार्यालयमा रहनेछ।

२) प्रज्ञा प्रतिष्ठानको सम्पर्क-समन्वय शाखाको रूपमा शिक्षा, युवा तथा खेलकुद शाखा रहनेछ।

३) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार गरि आवश्यकतानुसार गाउँपालिकामा पेश / प्रस्तुत गर्ने जिम्मेवारी सदस्य-सचिवको हुनेछ।

## परिच्छेद ५
## विविध

**२३) सपथः**

प्रतिष्ठानका उपकुलपति एवम् प्रज्ञा सभा तथा प्रज्ञा परिषद्का मनोनित सदस्यहरूले अनुसूची (१) मा उल्लेख भए बमोजिमको ढांचामा कुलपतिसमक्ष सपथ लिनुपर्नेछ।

**२४) सेवाका शर्त र सुविधाः**

प्रतिष्ठानका उपकुलपति, सदस्य सचिव, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरू अवैतनिक हुनेछन् । प्रतिष्ठानको काममा भ्रमण गर्नु परेमा स्वीकृत भ्रमण आदेश बमोजिम परिषदको निर्णय अनुसारको सुविधा प्राप्त गर्नेछन्।

**२५) आजीवन र मानार्थ सदस्यताः**

१) प्रज्ञा प्रतिष्ठानले मापदण्ड निर्धारण गरी गाउँको साहित्य, संस्कृति, कला र सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने स्रष्टाहरूलाई नीतिगत व्यवस्था भए बमोजिम आजीवन र मानार्थ सदस्यता उपलब्ध गराउन सक्नेछ।

२) गाउँपालिका क्षेत्र बाहिर र देश बाहिरबाट आउनुभएका साहित्य, कला, सङ्गीत र संस्कृति सम्बन्धमा विशिष्ठ योगदान पुर्याउनु भएका व्यक्तिहरूलाई हुप्सेकोट गाउँ प्रज्ञा प्रतिष्ठानका तर्फबाट सम्मान स्वरूप मानार्थ सदस्यता समर्पण गर्न सकिनेछ।

**२६) लोगो तथा छापः**

प्रज्ञा प्रतिष्ठानको लागि अनुसूची (२) बमोजिम छुट्टै प्रतीक चिन्ह लोगो रहनेछ। प्रतिष्ठानको कामको लागि छुट्टै लेटर प्याड, छाप र दर्ता/चलानी नम्बर को प्रयोग गर्न सक्नेछ।

**२७) कार्यविधि बनाउन सक्नेः**

प्रज्ञा प्रतिष्ठानका वीविध र नियमित कार्यहरू सम्पादनका लागि हुप्सेकोट गाउँ प्रज्ञा परिषदले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरि प्रज्ञा सभाबाट स्वीकृत गराई गाउँपालिकामा पेश गर्नेछ र त्यहाँबाट स्वीकृति लिएर कार्यान्वयन गर्नेछ।

**२८) अधिकार प्रत्यायोजनः**

हुप्सेकोट गाउँ प्रज्ञा सभा र हुप्सेकोट गाउँ प्रज्ञा परिषदले यो ऐन बमोजिम प्राप्त अधिकार मध्ये केहि अधिकार परिषद, कुलपति, उप कुलपति र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२९) प्रतिवेदन पेश गर्नेः**

हुप्सेकोट प्रज्ञा परिषदले प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा २ महिना अगावै आगामी वर्षका लागि योजना गरिएका कार्यक्रमहरू र आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र अघिल्लो वर्ष गरेका कार्यक्रमको प्रगति तथा लेखा परिक्षण प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**३०) खाता संचालनः**

हुप्सेकोट गाउँपालिका भन्दा बाहिरको सहयोगमा संचालित हुने कुनै पनि कार्यक्रमको बजेट परिचालन सम्बन्धमा नेपाल सरकार, महालेखा परिक्षकको प्रणाली र हुप्सेकोट गाउँपालिकाको अनुगमन रहने गरि उपकुलपति र सदस्य सचिवको हस्ताक्षरद्वारा संचालित हुनेगरी छुट्टै बैंक खाता खोलि कारोबार संचालन गरिनेछ।

**३१) लेखा परिक्षणः**

हुप्सेकोट गाउँ प्रज्ञा प्रतिष्ठानको लेखा परिक्षण हुप्सेकोट गाउँपालिकाको अन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

**३२) उपसमिति गठनः**

हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको यस ऐनमा उल्लेख गरिए बाहेकका कुनै पनि नयाँ र महत्वपूर्ण काम वा कार्यक्रमहरू प्रतिष्ठानको विशेष क्षमता लगाई सम्पन्न गर्नु पर्ने महसूस गरिएमा प्रज्ञा परिषद प्रति जिम्मेवार

रहने गरि प्रज्ञा सभा भित्रबाट आवश्यक परे सम्बन्धित प्राविधिकहरू सम्मिलित गरि तीन देखि सात सदस्यीय उपसमिति गठन गरि कार्यविधि बनाई कार्य सम्पन्न गर्न सकिनेछ।

**३३) बाधा अड्काउ फुकाउनेः**

यस ऐन बमोजिम काम गर्दा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकामा निहित रहनेछ।

## अनुसूची १: शपथ

**(दफा २३ सँग सम्बन्धित)**

म............................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु : ईश्वर/देश र जनाताको नाममा सपथ लिन्छु कि नेपालको संविधान र हुप्सेकोट गाउँपालिकाको प्रचलित कानुन प्रति पूर्ण बफादार रही हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठानको पदको कामकाज प्रचलित कानुनको अधीनमा रही हुप्सेकोट गाउँपालिकाको हित चिताई कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनियता कायम राखी इमान्दारीसाथ जिम्मेवारी पुरा गर्नेछु।

नाम थर : दस्तखत

मिति :

सपथ गराउनेको

नाम थर : दस्तखत

पद : कुलपति

मिति :

## अनुसूची २ : प्रतीक चिन्ह

**(दफा २६ सँग सम्बन्धित)**

- षट्कोणको बीचमा चार रंगका चारवटा साना वृत्त (थोपा) हुने र रेखाले चारै बृत्तहरू जोडिने छन्,
- षटकोणको शिरानमा "हुप्सेकोट गाउँपालिका प्रज्ञा प्रतिष्ठान" र पुछारमा "हुप्सेकोट, नवलपरासी (ब.सु.पू.)- गण्डकी प्रदेश, नेपाल, स्था. २०८२" रहनेछ।